## आर्थिक वर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

# जीतपुरसिमरा उपमहानगरपालिका

मितिः२०८२ आषाढ २५ गते

होटल क्लासिक प्लाजाको सभाहल

## जीतपुरसिमरा उपमहानगरपालिकाको बाह्रौं नगर सभाको दोस्रो बैठकको समुद्घाटन समारोहमा नगर प्रमुख श्री राजन पौडेलद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

**हामी यस उपमहानगरपालिकामा जनताको तर्फबाट निर्वाचित भई आएको चौथो वर्षमा प्रवेश गरेका छौं । नेपाली जनताको लामो त्याग र बलिदानबाट प्राप्त संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था बमोजिम गठन भएको यस जीतपुरसिमरा उपमहानगरपालिकाको बाह्रौं नगर सभामा उपस्थित**
**नगर सभा सदस्यज्यूहरु,**

- हाम्रै नेतृत्त्वको नगरसभाले अङ्गीकार गरेको **"आत्मनिर्भर, सक्षम एवं जनमुखी स्थानीय सरकार, समृद्धिपुर्ण सुशासन जीतपुरसिमराको आधार"** भन्ने अवधारणा एवम् दीर्घकालीन सोचलाई निरन्तरता दिई उपमहानगरपालिकाको विकास र जनताको सेवामा निरन्तर अघि बढ्ने क्रममा हामी यस ऐतिहासिक बाह्रौं नगरसभा सम्पन्न गर्न गइरहेका छौं। यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका साथै राजनीतिक, सामाजिक परिवर्तनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनितिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु तथा यसै उपमहानगरपालिकाको प्रथम नगर प्रमुख स्व. डा.कृष्ण प्रसाद पौडेल, कार्यपालिका सदस्य स्व.रामपति देवी थरुनी र न्यायिक समिति सदस्य स्व.जदोलाल सहनी प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि अगाडि बढ्दै गर्दा बेपत्ता भएकाहरु र घाइते योद्धा, अपांगहरु र तिनका परिवारप्रति उच्च सम्मान तथा स्वास्थ लाभको कामना गर्दछु ।
- छोटो समयमा नै गाँउ विकास समिति को संरचनाबाट उपमहानगरपालिका भएको र प्रचुर सम्भावना बोकेको यस उपमहानगरपालिकामा व्यावसायिक कृषि तथा पशुपालन, गुणस्तरीय शिक्षा, दिगो पूर्वाधार र औधोगिक विकास, पर्यटन र आधुनिक प्रविधिको प्रयोग मार्फत सुसज्जित र समृद्ध उपमहानगरपालिका निर्माण गर्ने लक्ष्यका साथ आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणका माध्यमबाट सामाजिक न्यायसहित उपमहानगरवासीको खुसी, समृद्धी र दिगो आर्थिक विकासको आकाङ्क्षालाई मूर्त रूप दिने हाम्रो प्रतिबद्धता अनुसार उपलब्ध स्रोतसाधनको सीमाभित्र रहेर जनताले अपेक्षा गरे अनुरुप परिवर्तन महसुस हुने गरी महत्त्वपूर्ण, रुपान्तरणकारी र दिगो योजनाहरू सम्पन्न हुने चरणमा रहेको तथ्य हामी सबैलाई जगजाहेर नै छ ।
- नगर सभाको यस अधिवेशनसम्म आईपुग्दा हामीले तीन वर्षको कार्यकाल पुरा गरेका छौं । यस अवधिमा उपमहानगरबासीले सुम्पिएको जिम्मेवारीलाई पूरा गर्न स्व-उत्प्रेरित भई काम गरिरहेका छौं । अझै पनि उपमहानगरवासीका चाहना, माग र आवश्यकताहरुको उच्च सम्मान गरी जीतपुरसिमरालाई राष्ट्रकै एक सुन्दर, स्वच्छ, समृद्ध एवम् लोककल्याणकारी उपमहानगर बनाउने उच्च आदर्शले प्रेरित भई निरन्तर लागिरहनेछौं ।

- यसै सन्दर्भमा यस गरिमामय बाह्रौं नगरसभामा हाम्रो उपमहानगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

**नगर सभा सदस्यज्यूहरु,**

- स्थानीय सरकारको नेतृत्वको हैसियतमा हाम्रो पहलमा सङ्घ र प्रदेश सरकारको समेत समन्वय, सहजीकरण एवम् साझेदारीमा उपमहानगरको समग्र विकासमा तत्कालीन र दीर्घकालीन महत्त्वका विभिन्न आयोजना परियोजनाहरू अघि बढेको हामी सबैलाई विदितै छ ।
- निर्वाचित भएर आएपछि जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कक्षा १ देखि ५ सम्म नयाँ भर्ना हुने सबै छात्र/छात्राहरुलाई विद्यालयका प्रधानाध्यापक मार्फत पोशाक उपलब्ध गराउने पहिलो निर्णय गरेर उपमहानगरको समृद्धिको यात्रा शुरुवात गरेकोमा हाल अव्यवस्थित र अतिक्रमित संरचना हटाउने, सिंचाई बिद्युतिकरण, ग्रामिण बस्तीहरुमा जोड्ने सडक, दिगो शैक्षिक सुधारका कार्यक्रम, जीतपुरसिमरा अस्पतालको स्तरोन्नती, दलित तथा विपन्न वर्गको आवास कार्यक्रम, पुराना बाँध, कुलो तथा सिंचाई प्रणालीको निकास, नदी तटबन्धन, विभिन्न बहुबर्षे र गौरवशाली आयोजना लगायत महत्त्वपूर्ण पूर्वाधार विकासका साथै शिक्षा, कृषि, स्वास्थ्य, सुशासन, आन्तरिक राजश्व वृद्धि लगायतका क्षेत्रमा उल्लेखनीय प्रगतिहरू हासिल भईरहेका छन् ।
- आ.व.२०७८/०७९ मा नगरपालिकाको कुल आन्तरिक आय रु. ११ करोड ८६ लाख रहेकोमा हाल यो बढेर २२ करोड सम्म पुगेको देखिन्छ त्यसको लागि उपमहानगरपालिकाको सबै वडामा कम्प्युटरमा आधारित बिलिङ सहित विद्युतिय भुक्तानी प्रणाली संचालित छन् ।
- आ.व.२०८०/०८१ देखी गुठि संस्थान अन्तर्गत बुझाउनुपर्ने मालपोत कर उपमहानगरपालिकाबाट नै लिने व्यवस्था गरी जनतालाई सरल र सुलभ सेवाको साथै राजश्वमा समेत वृद्धि गरिएको छ ।
- उपमहानगरपालिकाको सांगठनिक विकास तथा जनशक्ति व्यवस्थापन र समग्र उपमहानगरपलिकाको वृत्ति विकासको लागि कर्मचारी दरवन्दी मिलाउन O & M सर्वे गरियो । साथै उपमहानगरपालिकामा शान्ति, सुरक्षा, तथा सार्वजनिक सुव्यवस्था कायम गर्न, नगरपालिकाको नीति कार्यान्वयनमा सहयोग गर्न, नगर क्षेत्रको निगरानी र अनुगमन जनसहभागिता बढाउन तथा स्थानीय कानुनको प्रभावकारी कार्यान्वयन गर्न/गराउन नगर प्रहरी नियुक्त गरि सेवा प्रवाहमा लगाईएको छ ।
- नेपालको संविधानको अनुसूची-८ अन्तर्गत स्थानीय तहलाई दिईएको अधिकारहरुको अक्षरस पालनाको निम्ति स्पष्ट कानूनी आधार बनाउन उपमहानगरपालिकाले ३१ वटा स्थानीय कानूनहरु (ऐन, कार्यविधी, निर्देशिका, मापदण्ड) पारित गरी कार्यान्वयनमा ल्याएको छ ।
- गुणस्तरीय शिक्षाको निम्ति स्थानीय पाठ्यक्रम निर्माण तथा लेखन गरी कार्यावन्वयनमा ल्याईएको छ, शिक्षक दरवन्दी मिलान, बिद्यालय समायोजन, विद्यार्थीहरुको शिकाई क्षमताको मूल्याङ्कन गर्न SLAS सर्वे, शिक्षामा पुस्तान्तरण कार्यक्रम संचालन, शिक्षकहरुको लागि तालिम संचालन, आधारभूत तह (कक्षा ८) को परिक्षा संचालन तथा Online परिक्षाफल प्रकाशन, अन्तर विद्यालय स्तरीय अतिरिक्त खेलकुद प्रतियोगिताहरु संचालन, प्रधानध्यापकहरुसंग करार सम्झौता तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालनलाई निरन्तरता जस्ता कार्यहरु व्यवस्थित ढङ्गले संचालन गरिएको छ ।

- स्वास्थ्य सेवा तर्फका उपलब्ध जनशक्तिहरुको अधिकतम परिचालन र आन्तरिक व्यवस्थापन गरि तत्कालिन १६ वटा स्वास्थ्य संस्थाहरु संचालनमा रहेकोमा आ.व. २०७९/०८० बाट थप ९ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु संचालन गरी कुल २५ वटा स्वास्थ्य संस्थाहरुबाट सबै वडाहरुमा स्वास्थ्य सेवाको सरल र सहज उपलब्ध गराइएको छ ।
- तत्कालिन सिमरा प्राथमिक स्वास्थ्य सेवा केन्द्रलाई जीतपुरसिमरा नगर अस्पतालको रुपमा स्तरोन्नति गरि संचालनमा ल्याइएको छ । जसको लागि उपलब्ध जनशक्तिको अधिकतम परिचालन गर्नुका साथै खुला प्रतिस्पर्धाद्वारा ३ जना मेडिकल अफिसर, ३ जना स्टाफ नर्स, २ जना फार्मेसी असिस्टेन्टहरु नियुक्त गरी २४ घण्टा नै सेवा प्रवाह गरिएको छ । नगर अस्पताल व्यवस्थापन गर्न अस्पताल व्यवस्थापन समितिको अहम भूमिका हुने गरि कार्य प्रणाली विकास गरिएको छ जसले गर्दा अस्पतालको सेवा प्रभावकारी र गुणस्तरीय वनाउन पहलहरु भईरहेको छ । साथै जीतपुर स्वास्थ्य चौकीलाई जीतपुर प्राथमिक स्वास्थ्य सेवा केन्द्रको रुपमा स्तरोन्नति गरि चिकित्सक र ल्याव सहितको सेवा संचालनमा ल्याईएको छ ।
- प्राथमिक स्वास्थ्य सेवा केन्द्रवाट नेपाल सरकारले तोकेका निःशुल्क औषधिहरुको मात्रै उपलब्धता रहे पनि आ.व. २०८०/०८१ बाट निःशुल्क वाहेकका औषधिहरु समेत सुलभ र सस्तोमा उपलब्ध गराउन जीतपुरसिमरा नगर अस्पतालबाट फार्मेसी सेवा संचालन गरिएको छ ।
- पूर्वाधार विकास तर्फ उपमहानगरपालिका कालोपत्रे सडकमा अगाडी बढेको अवगत गराउँदै ५ कि.मी. सडक कालोपत्रे भैसकेको र २५ कि.मी. भन्दा बढी कालोपत्रे सडक सम्पन्न हुने चरणमा रहेको छ ।
- उपमहानगरपलिकाले यसै आ.व.मा मात्रै ५६ वटा योजनाहरु विद्युतिय माध्यमबाट ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गराई प्राविधिक क्षेत्रमा सुशासन कायम गरिएको छ ।
- महालेखा परिक्षकको कार्यालयले यस उपमहानगरपालिकाको आ.व.२०८०/०८१ सम्मको लेखापरिक्षणको क्रममा औंल्याएको कुल बेरुजु रकम ९० करोड ३२ लाख ५६ हजार रहेको छ । जसमध्ये असुल उपर गर्नुपर्ने बेरुजुलाई असुल उपर गरिनेछ भने अन्य बेरुजु रकमको हकमा भूक्तानी हुनपूर्व आन्तरिक लेखापरिक्षणलाई अनिवार्य शर्तको रुपमा राखी क्रमश घटाउँदै लगिनेछ ।
- यस उपमहानगरपालिकाको आ.व.२०८१/०८२ को बैङ्क मौज्दात बाहेक कुल आन्तरिक आय मितिः २०८२/०३/२४ गते सम्म २० करोड ८८ लाख संकलन भएको छ ।
- यसरी उपमहानगरपलिकाको विकासको लागि विभिन्न क्षेत्रहरुमा गौरवशाली कार्यक्रम तथा योजनाहरु संचालनमा ल्याई उपमहानगरपालिकालाई समृद्ध बनाउन तपाई हामी सबै लागिपरेको जगजाहेर नै छ।

**नगरसभाका सदस्यज्यूहरू,**

अव म आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभाको अधिवेशनमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. नागरिकलाई घर आँगनमा नै सरकारको महसुस हुने गरी अधिकार प्रत्यायोजन तथा विकेन्द्रीकरणको सिद्धान्त बमोजिम कम्तीमा एउटा वडास्तरीय गौरवको आयोजना सञ्चालन गर्ने गरी वडास्तरीय योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

## राजश्व प्रशासन

२. आन्तरिक श्रोत बढाई आत्मनिर्भर उपमहानगरपालिका बनाउने ध्येयका साथ करका दायरा विस्तार गर्न आवश्यक अध्ययन, अनुसन्धानका कार्य थालनी गरिनेछ । करका क्षेत्रहरूको पहिचान गरी संकलन गर्ने कार्यमा जनप्रतिनिधि, कर्मचारी, टोल, समुदाय परिचालन गर्ने नीति अख्तियार गरिनेछ ।

३. उपमहानगरपालिका र अन्तर्गतका वडा कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहमा कर चुक्ता प्रमाण पत्रलाई अनिवार्य-शर्तका रुपमा लिइनेछ। नक्सापास नभएका संरचनाहरूलाई समेत मूल्याङकन गरी करको दायरामा ल्याइनेछ।

४. उपमहानगरपालिकाको आन्तरिक स्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, राजस्व चुहावट नियन्त्रण, सम्पत्ति कर र मालपोत करको अभिलेख अद्यावधिक गर्नुका साथै अनिवार्य रुपमा घरनक्सा पास गर्न सरोकारवाला निकायसँग समन्वय गरी करको दायरा विस्तार गर्न आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

५. कर प्रशासनलाई पारदर्शी बनाउन सूचना प्रविधिको प्रयोगलाई बढाउँदै छिटो, सरल र सेवाग्राहीमैत्री बनाई अधिकतम कर संकलन हुने वातावरण सिर्जना गरिनेछ । साथै कर सूचना प्रणालीलाई भू-सूचना प्रणाली (GIS Based System) मा आबद्ध गरी कर नक्सांकन (ट्याक्स म्यापिङ) गरिनेछ । जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्र भित्रका सबै करदाताको एकीकृत तथ्याङ्क संकलन गरी डाटा बैंक तयार गरिनेछ।

६. उपमहानगरपालिका क्षेत्रभित्रका सम्पूर्ण करदातालाई कर शिक्षा प्रदान गरी करको दायरामा ल्याउने उद्देश्य अनुरुप **"हाम्रो लागि हाम्रै प्रयास, कर अभियान मार्फत समृद्धि र विकास"** मूल नारासहित निजी क्षेत्र, सामुदायिक संस्था, वडा र टोल विकास संस्थालाई जिम्मेवार बनाई परिचालन गरिनेछ ।

७. घर बहालकरलाई समय सापेक्ष सुधार गर्न बैंक तथा वित्तीय संस्था, सरकारी निकाय, निजी क्षेत्र र अन्य संस्थाहरूको घर बहालकरलाई आधार मानी पुनर्मूल्याङ्कन गरिनेछ । घरजग्गा बहाल करलाई प्रभावकारी बनाउन कार्यविधि तयार गरी सम्बन्धित वडा कार्यालयमा अनिवार्य रुपमा घरबहाल सम्झौता अभिलेखाङ्कन गराउने नीति अवलम्बन गर्दै घरजग्गा बहाल करलाई पूर्णरुपमा करको दायरामा ल्याई कर अभिवृद्धि गर्न टोलविकास संस्थाहरूलाई आवश्यक जिम्मेवारी दिई सो जिम्मेवारीबाट प्राप्त घर जग्गा बहाल करको हकमा व्यवसाय प्रयोजनको घरजग्गा बहालको एक प्रतिशत र अन्य प्रयोजनको घरजग्गा बहालको तीन प्रतिशत रकम सम्बन्धित टोल विकास संस्थाको विकास, सशक्तीकरण तथा आय आर्जन लगायतका कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाइनेछ । उपमहानगरपालिकालाई तिर्नुपर्ने घरजग्गा बहाल कर लगायत सबै प्रकारका दायित्वको फरफारक नगरी कुनै पनि प्रकारका सार्वजनिक सेवा प्रदान गरिनेछैन ।

८. करको दर निर्धारण पद्धति तथा असुलीमा नीतिगत स्पष्टता कायम गरिनेछ । राजस्व सम्बन्धी सम्पूर्ण सेवा प्रवाहलाई अटोमेसनमा लगिनेछ । समयमा कर दाखिला गर्ने असल करदाताको पहिचानको लागि स्टिकर प्रदान गर्ने गरी करदातामैत्री नीति अवलम्बन गरिनेछ ।

९. उपमहानगरको तीव्र भौतिक पूर्वाधार विकास र सेवासुविधाको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक पर्ने पर्याप्त आयस्रोतको संयोजन गरिनेछ । केन्द्र तथा प्रदेशको अनुदान वृद्धि गर्नका लागि पहल गर्ने र

आन्तरिक आयस्रोतहरु फराकिलो बनाइनेछ । आन्तरिक राजस्वका स्रोतहरुको पहिचान, प्रवर्द्धन र राजस्व प्रणालीमा थप सुधारका लागि ध्यान दिइनेछ ।

१०.उपमहानगरको स्थानीय पाठ्यक्रममा करदाता शिक्षालाई समावेश गरी करको उपयोग, आवश्यक्ता र जवाफदेहिता सम्बन्धी शिक्षा विद्यालय तहदेखि नै प्रबोधिकरण तथा सुसूचित गर्ने नीति अवलम्बन गरिनेछ।

११. उपमहानगरपालिका क्षेत्रमा सञ्चालित सार्वजनिक यातायातलाई सूचीकृत गर्न सरोकारवाला निकायसँग समन्वय गरी नियमानुसार करको दायरामा ल्याउने नीति अवलम्बन गरिनेछ ।

१२.प्रचलित कानुन वमोजिम हुनेगरी सम्पत्ति कर, मालपोत तथा भुमिकर प्रयोजनका लागि तय गरिएको जग्गाको मूल्य र मालपोत कार्यालयबाट कायम हुने मूल्याङ्कन/मूल्यमा एकरुपता कायम गरिनेछ । साथै मालपोतमा रहेको जग्गाधनीहरूको अद्यावधिक विवरण कर असुली तथा कर व्यवस्थापन प्रयोजनको लागि प्राप्त गर्न सकिने व्यवस्था मिलाइनेछ ।

१३.वडा कार्यालय र नगरवाट हुने सबै प्रकारका सिफारिश तथा पत्रहरुको चलानी विद्युतिय प्रणालीवाट यसैवर्ष देखि गरिनेछ ।

१४.राजस्व प्रशासन अन्तर्गत कार्यरत कर्मचारीहरूका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । आन्तरिक राजस्व वृद्धिमा उल्लेख्य योगदान गर्ने कर्मचारी र करदातालाई सम्मान र पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

## सडक तथा भवन निर्माण

१५.उपमहानगरभित्र निर्माण हुने सडकहरुमा कालोपत्रे सडक निर्माणलाई निरन्तरता दिइनेछ ।

१६.नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा उपमहानगरका मुख्य राजमार्ग, मुख्य सडक तथा बजार क्षेत्रहरूमा स्मार्ट सडक बत्ती, हाई मास्ट एवम् मिनी मास्ट बत्ती जडान र विस्तारको कार्यलाई प्राथमिकता दिइनेछ।

१७.आवश्यक उपकरणको व्यवस्थापन गर्दै आन्तरिक जनशक्तिको प्रयोग गरी उपमहानगरपालिका भित्र निर्माण हुने सबै सडकमा रोड मार्किङ, जेब्रा क्रस राख्ने व्यवस्था गरिने छ ।

१८.पूर्वाधार विकासको कार्यलाई व्यवस्थित गर्न सञ्चालन गरिने आयोजनाहरूको “परियोजना बैंक" तयार गरि कार्यान्वयनमा लगिनेछ ।

१९.संघीय सरकारका सम्बन्धित निकायहरूको सहयोग तथा समन्वयमा उपमहानगरपालिकाको बजार क्षेत्र तथा घना बस्तीभित्रका विद्युत, टेलिफोन, केबुल लाइन र इन्टरनेटका तारलाई चरणबद्ध रुपमा भूमिगत गर्ने कार्यलाई अगाढी बढाइने छ ।

२०.सडक निर्माण गर्दा हरियाली, फुटपाथ र साइकल लेनसहितको सडक निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

२१.सडकको सुन्दरता विकास गर्न सौर्य उर्जाको प्रयोगलाई बढावा दिईनेछ ।

२२.सडक, नाला निर्माण तथा स्तरोन्नती गर्दा अनिवार्य रुपमा विद्युत पोल सार्ने कामलाई समेट्न लागत अनुमानमा नै पोल सार्ने काम समावेश गर्ने नीतिलाई प्रभावकारी रुपमा अघी बढाईनेछ ।

२३.नगर क्षेत्रभित्र ढल, नाला तथा बाटोको थप क्षती हुन नदिन तथा तत्काल मर्मत सम्भारका लागि आवश्यक उपकरण, निर्माण सामग्री र जनशक्ति सहितको पूर्वाधार एम्बुलेन्स सेवालाई संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ । यसका लागि आवश्यक उपकरण तथा जनशक्तिको उचित व्यवस्था मिलाइनेछ ।

२४.नगरमा भएका विकास निर्माणका कार्यमा शिघ्रता, गुणस्तरियता र विश्वसनियता कायम गर्ने निर्माण व्यवसायीहरुलाई कार्य सम्पादन तथा सम्पन्नताका आधारमा पुरस्कृत तथा सो नगर्नेलाई दण्डित गर्ने नीति लिईनेछ ।

२५.कल्भर्टहरु तथा वडा-वडा र वस्तीहरु जोड्ने पुल, कुलोहरु निर्माण तथा विस्तारको कार्यलाई अभियानको रुपमा लगिनेछ ।

२६.उपमहानगरपालिकाद्वारा लुमन्ति संस्थासंगको समन्वयमा अति बिपन्न तथा गरिब घरपरिवारलाई सुरक्षित आवास निर्माण अन्तर्गत बाँसको प्रयोगबाट घर निर्माण गर्न अनुदान दिने कार्यलाई निरन्तरता दिईनेछ।

२७.उपमहानगरपालिकाभित्रको आवश्यक स्थानहरुमा स्मार्ट सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

२८.सडकमा अनुचित ढङ्गबाट राखिएका निर्माण सामग्रीका कारण आवागमनमा अवरोध गर्ने र दुर्घटना हुने, उपमहानगरपालिकाबाट निर्माण भएका सडक, फुटपाथ बिग्रने भएको हुँदा त्यस्तो गर्ने व्यक्ति तथा निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याइनेछ । जरिवाना र मर्मत खर्च यकिन गरी सम्बन्धित पक्षबाट असुल उपर गर्ने नीति कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।

२९.जीतपुर बजार, सिमरा बजार तथा अन्य सहरी क्षेत्रको पार्किङ व्यवस्थित बनाउन निजी क्षेत्रसँगको सहकार्यमा सशुल्क स्मार्ट पार्किङ व्यवस्थापनलाई अगाडि बढाइनेछ ।

३०.उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विकास आयोजनाहरूको जनसहभागिता सम्बन्धी नीतिमा एकरूपता कायम गरिनेछ । विद्यालय भवन, कल्भर्ट, सिँचाइ, खानेपानी, सामुदायिक भवन, नाला, सडक ढलान, ग्राभेल लगायतका योजनाहरूमा कम्तीमा १० प्रतिशत जनसहभागिता अनिवार्य गरिनेछ भने जनसहभागिता नजुट्ने योजना बोलपत्रको माध्यमबाट कार्यान्वयन गरिनेछ । रोजगारी सिर्जना हुने र ठुला मेसिनरी औजार प्रयोग नहुने योजनाहरू मात्र उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ । ठूला मेसिनरी औजार प्रयोग हुने सडक, नियमित सडक मर्मत सम्भार लगायतका आयोजना बोलपत्र मार्फत् कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३१.उपभोक्ता समितिमार्फत योजनाहरु कार्यान्वयन गर्दा सम्झौतामा तोकिएको समय अगावै कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ । समयमा कार्यसम्पन्न नगरी आयोजनालाई रुग्ण बनाउने समितिका पदाधिकारीहरूलाई कम्तिमा २ वर्षसम्म अन्य कुनै पनि उपभोक्ता समितिको सदस्य हुन नपाउने कानुनी व्यवस्था गरिनेछ ।

३२.सिमरा रङ्गशाला निर्माण गर्नको लागि संघ तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ।

३३.भवन निर्माण संहितालाई कडाइका साथ कार्यान्वयन गरी सबैखाले घर टहरा निर्माण कार्यलाई नियमन गरी नक्सापासको दायरामा ल्याइनेछ। नक्सापास गरेर मात्र सेवाग्राहीलाई विद्युत, खानेपानी लगायत सेवा उपलब्ध हुने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।

३४.भवनको नक्सा पास प्रकृयालाई सरल, सहज र पारदर्शी बनाउन विद्युतीय भवन अनुमति प्रणाली (Electronic Building Permit System) लाई थप प्रभाबकारी बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ । Digital Signature लाई आगामी आर्थिक बर्षदेखि कार्यान्वयनमा ल्याइनेछ ।

३५.भवन निर्माण अनुगमन संयन्त्रलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । उपमहानगरपालिकामा यसै आ.व. देखी नक्सापास प्रक्रियालाई पूर्ण विद्युतीय प्रणालीमा लगिनेछ । पुराना नक्सापास सम्बन्धी कागजातहरूको पनि डिजिटाइजेसन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**हरियाली प्रवर्द्धन, फोहोरमैला तथा विपद् व्यवस्थापन र प्रदुषण नियन्त्रण सम्बन्धी नीतिः**

३२. उपमहानगरपालिकाद्वारा यसै आ.व. भित्र सेग्रिगेशन मेसिन जडित आफ्नै फोहोरमैला प्रशोधन केन्द्र निर्माण गरि संचालन गरिनेछ ।

३३. दिगो फोहोर व्यवस्थापनको लागि फोहोरलाई स्रोतमा नै वर्गिकरण गरी कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउने र नकुहिने फोहोरलाई पुनःप्रयोग गर्ने कार्यलाई अभियानको रुपमा संचालन गर्न टोल विकास संस्था, नागरिक समाजलाई परिचालन गरिनेछ ।

३४. प्रदुषण उत्सर्जन गर्ने मात्राका आधारमा कलकारखाना तथा उद्योगहरुबाट वातावरण संरक्षण शुल्क उठाउन आवश्यक कानून निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

३५. उद्योगबाट हुने प्रदुषण नियन्त्रण तथा नदि नियन्त्रण गर्न सरोकारवालासंग आवश्यक समन्वय गरि समाधानको खोजि गरिनेछ ।

३६. स्वच्छ नगर- स्वस्थ नगर बनाउन ४० माईक्रोन भन्दा कमको प्लास्टिकजन्य झोला तथा वस्तुहरुको प्रयोगमा न्यूनिकरण गर्दै वातावरण मैत्री वैकल्पिक बस्तुको प्रयोगमा जोड दिईनेछ ।

३७. मुख्य राजमार्ग, भित्री सडक तथा बाटोको दायाँवायाँ दुवै तर्फ, खोलाका किनार, पैनीको किनारमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३८. वालगंगा, दुधौरा र पसाहा नदीको दायाँ वायाँ नदीको नक्सांकन गरी वाँकी रहेको नदी उकास क्षेत्रमा वाँस रोपेर तटवन्धन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३९. शहरी क्षेत्रमा हरियाली प्रवर्द्धन गर्न सडक निर्माण तथा स्तरोन्नती गर्दा अनिवार्य रुपमा वृक्षारोपणलाई समेटन लागत अनुमानमा नै वृक्षारोपण गर्ने काम समावेश गरी उपभोक्ताले संरक्षणको जिम्मेवारी लिनुपर्ने नीतिलाई प्रभावकारी रुपमा अघी बढाईनेछ ।

४०. सामुदायिक वन उपभोक्ता समितिहरु तथा जिल्ला वन कार्यालयसंग समन्वय गरी जंगली जनावरहरुलाई खानेपानीको व्यवस्था मिलाउन तथा Water Reserve गर्न जंगलभित्र पोखरी बनाउने तथा बस्ती क्षेत्रमा बाँदरको आतंक न्यूनिकरण गर्नको लागि विभिन्न प्रकारका फलफूलका बोटविरुवा लगाउने कार्यक्रम संचालन गरिनेछ ।

४१. जंगलको सिमानामा पर्ने क्षेत्रमा वन्यजन्तुले कृषिजन्य उत्पादनलाई नष्ट गर्ने गरेको हुँदा पर्सा राष्ट्रिय निकुञ्ज र जिल्ला वन कार्यालय तथा संघीय र प्रदेश सरकारसंग समन्वय गरी वनमा तारजाली लगाउने कार्यलाई निरन्तरता गरिनेछ ।

४२. एक घर दुई बिरुवा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै वृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरी हरित नगरी तर्फ अगाडी बढिनेछ ।

४३. जीतपुरसिमरा उपमहानगरपलिकाभित्र आपतकालिन कार्यसञ्चालन केन्द्र (Emergency Operation Center) र वारुणयन्त्रलाई सुदृढीकरण गर्दै लगिनेछ ।

४४. मानवीय र प्राकृतिक विपत्तीका कारण हुनसक्ने आकस्मिक घटनालाई सम्बोधन गर्न आवश्यक आकस्मिक प्रतिकार्य टोली (RRT) तयार गरी निजहरुको क्षमता विकास र विस्तार गरिनेछ । साथै, विपद जन्य घटना (आगलागि, कटान र डुवान) का क्षेत्रहरु पहिचान र नक्सांकन साथै स्वयंसेवकहरु तयार गरि क्षमता विकास र विस्तार गर्ने नीति लिइनेछ ।

४५. नगर प्रहरी तथा दमकलका कर्मचारीहरुलाई तत्काल उद्धार गर्नको लागि विषेश तालिमको व्यवस्था गरिनेछ

४६. संघ सरकार र प्रदेश सरकारसंग समन्वय गरी उपमहानगरपालिकामा वारुणयन्त्र थप गरी उपमहानगरपालिकाको दक्षिणी वडाहरूलाई पायक पर्ने गरी वारुणयन्त्र सञ्चालन गरिनेछ ।

४७. वडा स्तरमा गठित विपद् व्यवस्थापन समिति तथा स्वयंसेवक परिचालनलाई प्रभावकारी बनाइनेछ । वडा, समुदाय तथा विद्यालयहरूमा विपद् प्रतिकार्य सम्बन्धी कार्यक्रम विस्तार गरिनेछ ।

४८. वन, वातावरण र विपद्को क्षेत्रमा व्यवसायिक सामाजिक उत्तरदायित्व (CSR) वहन गराउन विभिन्न सरोकारवाला सँग नियमित वैठक आयोजना गरी कार्यक्रम अगाडी बढाइने छ ।

४९.तीन तलाभन्दा माथिका सवै भवनहरुमा अनिवार्य रुपमा अग्नि नियन्त्रण प्रणाली जडान गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिनेछ ।

५०. ट्राफिक सचेतना तथा अन्य विभिन्न सचेतिकरण लगायतका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

## शिक्षा सम्बन्धी नीतिः

५१. बाल शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षालाई थप जीवनोपयोगी र व्यवसायिक बनाउँदै लगिनेछ । माध्यमिक शिक्षामा आधारभूत प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरी विद्यालय तह पूरा गर्दा कम्तिमा एउटा सीपमा स्वरोजगार हुनसक्ने जनशक्ति तयार गर्ने नीति लिइनेछ ।

५२. सामुदायिक विद्यालयका बालकक्षा देखि कक्षा ५ सम्म अध्ययनरत सबै छात्रछात्राहरुलाई नगर प्रमुख मार्फत पोशाक उपलव्धतालाई निन्तरता दिईनेछ ।

५३. बिद्यार्थी, शिक्षक तथा अन्य सुचकहरुको आधारमा गर्दै आएको शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यलाई निरन्तरता गरिनेछ ।

५४. उपमहानगरपालिकाले निर्माण गरेको शैक्षिक क्यालेण्डरलाई सामुदायिक विद्यालयहरुमा मात्र नभई संस्थागत बिद्यालयहरुमा समेत अनिवार्य रुपमा लागू गरिनेछ ।

५५. संस्थागत विद्यालयहरुले लिने विभिन्न शुल्कहरुको पुनरावलोकन गरी वैज्ञानिक र मापदण्डमा आधारित वनाइनेछ । सामुदायिक र संस्थागत विद्यालयहरुबिच गुणस्तर विकास र असल अभ्यासको आदान प्रदानको लागि आवश्यक साझेदारी गरिनेछ ।

५६.नेपाल सरकारवाट संचालित पढदै कमाउदै शिक्षालाई प्राथमिकताका साथ लागु गर्न उपमहानगरका विभिन्न कार्यक्रम, सर्वे तथा OJT गर्नको लागि उपमहानगरले सामुदायिक विद्यालय र सामुदायिक क्याम्पसहरुलाई कार्यविधि बनाई अनुदान दिने व्यवस्था मिलाईनेछ ।

५७. सामुदायिक र संस्थागत विद्यालयहरुबिच गुणस्तर बिकास, विद्यार्थीहरुमा भेदभाव रहित समाज बनाउन उपमहानगरभित्रका सम्पूर्ण विद्यालयमा एकै पोशाकको अवधारणा अभ्यासमा ल्याईनेछ ।

५८. निजीस्तरमा संचालित शैक्षिक परामर्श केन्द्र, कोचिङ्ग सेन्टर, तालिम केन्द्र, छात्रावास लगायतका संस्थाहरुको अभिलेखीकरण गरी आवश्यक कार्यविधि बनाई नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

५९. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि उपमहानगरका आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ । साथै संस्थागत विद्यालयहरुमा सो सेवा प्रदान गर्नको लागि सहजीकरण समेत गरिनेछ ।

६०. सम्पूर्ण सामुदायिक विद्यालयहरुमा स्मार्ट बोर्ड मार्फत अध्यापन गराईनेछ । विद्यार्थीहरुलाई आधारभूत तहदेखी नै सूचना तथा प्रविधि (IT) क्षेत्रका विषयमा अभिप्रेरित गरिनेछ ।

६१. उपमहानगरपालिका क्षेत्रका सम्पूर्ण विद्यालयहरुमा कक्षा ८-१० सम्म कम्प्यूटर शिक्षा अनिवार्य गरिनेछ।

६२. सामुदायिक क्याम्पसहरुलाई अनुदान प्रदान गर्न कम्तिमा सम्बन्धित क्याम्पस व्यवस्थापन समितिले ४ वर्षे निति कार्यक्रम सहितको प्रस्ताव पेश भएमा कार्यविधि बनाई अनुदानको व्यवस्था मिलाईनेछ ।

६३. उपमहानगरपालिकाभित्रका केही आधारभूत विद्यालयहरुमा दिवा बास तथा माध्यमिक विद्यालयहरुमा छात्रवास सहितको अध्यापनको व्यवस्था मिलाईनेछ ।

६४. शिक्षकहरुको बिषयगत समिति बनाई सम्बन्धित बिषयको सिकाइ तथा कार्य योजना बनाइने छ ।

६५. शैक्षिकसत्रको शुरूवातमा नगर भरीका सार्वजनिक बिद्यालयका शिक्षकहरुको सम्मेलन गरी शैक्षिक कार्ययोजना प्रस्तुत गरी अध्ययन, अध्यापनको व्यवस्था मिलाईनेछ ।

६६. समयसापेक्ष शिक्षा नीति परिमार्जन गर्न विभिन्न सर्वेहरु लाई निरन्तरता दिईनेछ ।

६७. बिद्यालय, बिद्यार्थी र कृषि कार्यक्रम संचालन गरिनेछ ।

६८. यस उपमहानगरपालिका भित्र भएका बिद्यालयहरुमध्ये कुनै एक विद्यालयलाई दलित आवासिय विद्यालयको रुपमा संचालन गरी दलित परिवारलाई शिक्षाको पहुँचमा अगाडी ल्याउन अभिप्रेरित गर्ने नीति लिईनेछ ।

६९. जीतपुरसिमरा उपमहानगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा प्रविणता प्रमाणपत्र तह (+२) मा विज्ञान पढ्ने विद्यार्थीहरुलाई प्रदान गरिएको छात्रवृत्ति निरन्तरता दिईनेछ ।

७०. संस्थागत विद्यालयले अनिवार्यरुपमा विपन्न, दलित, जनजाती, अपाङ्ग, द्वन्दपिडित, शहिद परिवार, सिमान्तकृत वर्ग क्षेत्रका परिवारका छोराछोरीहरुलाई उपमहानगरपालिकाको सिफारिसमा कुल विद्यार्थी संख्याको १० प्रतिशत नघट्ने गरि छात्रवृत्तिमा अध्ययन गराउनु पर्ने व्यवस्था मिलाईनेछ । सो कार्य पुरा नगर्ने विद्यालयलाई कारवाहीको दायरामा ल्याइनेछ ।

७१. जीतपुरसिमरा उपमहानगरलाई **साक्षर उपमहानगर** घोषणा गराउन सोही अनुरुप कार्य गरिनेछ ।

७२. विद्यालयमा दिईने पोषिलो दिवा खाजाको रकममा समयानुकुल वृद्धि गरिनेछ ।

७३. विद्यालयहरुमा खुल्ला तथा प्रतिस्पर्धाको आधारमा प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

७४. संस्थागत विद्यालयहरुसंग समन्वय गरी नगरभरी एउटै प्रकाशनको पाठ्यपुस्तकद्वारा पठनपाठन गराउने व्यवस्था मिलाईनेछ ।

७५. माथिल्लो तहमा अध्यापनरत तल्लो तहका शिक्षकलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

## स्वास्थ्य सम्बन्धी नीतिः

७६. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा नगरवासीको पहुँच सुनिश्चित गर्नुका साथै नवशिशु स्वास्थ्य, बाल स्वास्थ्य र पोषण, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोगहरूको रोकथाम तथा व्यवस्थापन, महामारी नियन्त्रण तथा स्वास्थ्य प्रवर्धन कार्यक्रममा विशेष जोड दिइनेछ ।

७७. जीतपुरसिमरा नगर अस्पतालको सेवा प्रविधियुक्त सुविधा सम्पन्न नयाँ भवनबाट थालनी गरिनेछ । उक्त सेवा प्रदान गर्दा हाल भई रहेको सेवालाई जनमुखि वनाई मृगौला रोगीलाई डायलाइसिस सेवा, सघन उपचार कक्ष, फार्मेसी सेवा र सर्पदसं सेवा समेत सन्चालनमा ल्याईनेछ । उक्त सेवा सन्चालनको लागी थप वजेट तथा जनशक्तिको व्यवस्था गरीनेछ ।

७८. "घर घरमा नगर अस्पताल" कार्यक्रमलाई नगर गौरवको योजना बनाई ६८ बर्ष नाघेका ज्येष्ठ नागरिकहरुको घरमा गई स्वास्थ्य परीक्षण गर्ने र उमेर समूह अनुसार क्रमिक रुपमा प्रतिरोधात्मक उपचार जनताको घरैसम्म पुर्याईनेछ ।

७९. उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवालाई गुणस्तरीय र जनमुखी बनाउनुका साथै स्वास्थ्य संस्थाहरूमा सेवा सञ्चालनका लागि आवश्यकता अनुसार जनशक्तिको व्यवस्था गरिनेछ ।

८०. सार्वजनिक स्थलमा धुम्रपान गर्न निषेध गर्ने ब्यवस्था तथा सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐनलाई प्रभाबकारी कार्यान्वयन गर्ने प्रबन्ध मिलाइनेछ । साथै उपमहानगरपालिका अन्तर्गत सामुदायिक तथा संस्थागत विद्यालय र स्वास्थ्य संस्थाको १०० मिटर क्षेत्रभित्र सूर्ती र मदिराजन्य पदार्थ बेचबिखन गर्न रोक लगाइनेछ ।

८१. जीतपुरसिमरा उपमहानगरपालिका पूर्णखोप घोषणा भइसकेको अवस्थामा बालबालिकाहरूलाई दिइने सबै खोप कार्यक्रमलाई विशेष प्राथमिकता दिँदै पूर्णखोप सुनिश्चितताको दिगोपनाका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८२. मातृ-शिशु स्वास्थ्यमा सुधारका लागि किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा आमाको कोखदेखी बिद्यालयसम्म पोषण कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

८३. नेपाल रेडक्रस सोसाईटी र व्लड बैङ्क मार्फत नगरवासीलाई निःशुल्क रक्त सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

८४. संघिय सरकारले प्रस्ताव गरेको श्रम अस्पताल निर्माणको लागी पहल र सहजीकरण गरीनेछ ।

८५. नागरिक आरोग्यता प्रबर्धन गर्न सन्तुलित भोजन, उपयुक्त आहार, बिहार, ध्यान, योग, प्राणायाम आदिबारे बिद्यालय तह समेतमा सचेतना कार्यक्रमहरु मार्फत निरोगी बन्न प्रोत्साहित गरिनेछ ।

८६. क्यालोरीमा आधारित उपभोग प्रणाली लागू गर्न अग्रणी सेवा प्रदायक संस्थाहरु होटल, रेस्टुरेन्ट, भोजनालय र चमेनागृहलाई प्रेरित गरिनेछ र त्यस्तो कार्यमा प्राबिधिक सहयोग उपलब्ध गराइने छ ।

८७. नगरपालिकाबाट आर्थिक, प्राविधिक तथा अस्पतालजन्य उपकरण सहायता उपलब्ध गराइएका अस्पतालहरुसँग समन्वय गरी स्थानीय बिपन्न र सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने नागरिकहरुका लागि निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

८८. महिला स्वास्थ्य स्वयंसेविकाहरूको सेवालाई सुदृढ बनाउनका लागि प्रदान गरिदै आएको महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन लाई निरन्तरता दिइनेछ । दीर्घसेवा गरेका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन रकम सहित सम्मानजनक बिदाइ गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८९. क्यान्सर रोग तथा अन्य जटिल रोगका बिरामीलाई सम्बन्धित अस्पतालहरुसंग सम्झौता (MOU) गरेर सहुलियत तथा सहज उपचारको व्यवस्थाहरु मिलाईनेछ ।

९०. नगरभित्र अत्यन्तै न्यून संख्यामा रहेका धाँगड, चेपाङ्ग, माझी, दुषाध, हजरा लगायतका जातीय र वर्गिय रुपमा पिछडीएका, सहिद परिवार, जनआन्दोलन, मधेश आन्दोलन तथा जनयुद्धमा घाईते भएका व्यक्तिहरुलाई जीतपुरसिमरा अस्पतालमा निःशुल्क उपचारको व्यवस्था मिलाईनेछ ।

९१. स्वास्थ्य बिमा कार्यक्रमलाई अझै परिष्कृत तथा विस्तार गरिने नीति लिईनेछ ।

९२. उपमहानगरपालिका तथा वडाहरुले गर्ने सबै प्रकारका स्वास्थ्य शिविरहरुलाई एकद्वार प्रणाली अनुरुप संचालन गरिनेछ ।

९३. उपमहानगरपालिकाका सबै परिवारलाई सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रममा आबद्ध गर्नका लागि योजना तयार गरी कार्यान्वयन गरिनेछ । स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि संघीय सरकार, प्रदेश सरकार लगायत अन्य सार्वजनिक, गैरसरकारी र निजी क्षेत्रसँग सहकार्य र समन्वय गरिनेछ ।

## कृषि तथा पशु विकास सम्बन्धी नीतिः

९४. कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि कृषकस्तरमा कृषि प्रविधि प्रसारका कार्यक्रम सञ्चालन गरिनेछ ।

९५. कृषि सिंचाई विद्युतीकरणलाई निरन्तरताको साथै अझै परिष्कृत गर्दै लगिनेछ ।

९६. कृषि क्षेत्रको आधुनिकीकरण तथा वैज्ञानिकीकरणका लागि कृषिमा यान्त्रीकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषकहरूलाई अनुदानमा कृषि यन्त्र उपकरण उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

९७. कृषकले उत्पादन गरेका कृषि उपजहरूको सहज बिक्री तथा उपभोक्ताले कृषि उपजको सहज र सरल तरिकाले किनेर उपयोग गर्न पाउने व्यवस्थाको लागि स्मार्ट कृषि एप्लिकेशनको सुरुवात गरिनेछ ।

९८. उपमहानगरपालिकाभित्रका खेतीयोग्य जमिनमा सिँचाइको पर्याप्तता सुनिश्चित गर्न भइरहेका जीर्ण अवस्थाका नहर कुलोको मर्मत गर्ने तथा कृषकहरूलाई साना सिँचाइमा अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ ।

९९. उपमहानगरभित्र प्रारम्भमा कृषक तथ्याङ्क संकलन गर्ने र सोही अनुरुप कृषक तथा कृषि क्षेत्रको अनुपातको आधारमा रासायनिक मलखाद, बिउ बिजनको सहज उपलब्धता गराईनेछ ।

१००. आधारभूत खाद्यवस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने नीति लिईनेछ । कृषक प्रोत्साहन, कृषि वीमा, सहुलियत कर्जा र न्यूनतम समर्थन मूल्य जस्ता किसानमैत्री कार्यक्रम सञ्चालन गरिनेछ र सोका लागि संघ र प्रदेशसंग पनि समन्वय गरिनेछ ।

१०१. पशुहरुको नश्ल सुधारको लागी कृत्रिम गर्भाधान केन्द्रको स्थापना र विस्तार गरिनेछ । डुमरवानामा पशु अस्पताल स्थापना गर्नको लागि जग्गा प्राप्ती लगायतका कार्य अविलम्व शुरु गरी अस्पताल निर्माण कार्यको सम्भाव्यता अध्ययन गरीनेछ ।

१०२. नेपाल सरकारवाट सन्चालन भईरहेको कृत्रिम गर्भाधान कार्यक्रम अझ सरल वनाउनको लागी तालिम प्राप्त भेटनरी सहजकर्ताहरुलाई परिचालन गरिनेछ ।

१०३. कृषि प्रयोजनको लागी संचालनमा रहेका नरहेका सिंचाई कुलो र नक्सामा देखिने कुलो तथा कृषि बाटोको पहिचान गरी सडक र कृषि सिंचाईको बाटोहरु खोल्ने कामलाई निरन्तरता दिईनेछ । भईहेको पुराना पानीका मुल, मुहान, इनारको संरक्षण गरीनेछ ।

१०४. माटो प्रयोगशाला तथा पशुपंक्षी प्रयोगशाला निर्माणको लागि संघ तथा प्रदेश सरकारमा पहल गरिनेछ।

१०५. कान्जी हाउस निर्माण गरी छाडा पशु चौपायाहरुको ब्यबस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१०६. उपमहानगरपालिका क्षेत्रभित्र अति आवश्यक ठाउँमा संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा ठुला खालका डिप बोरिङ खन्ने कार्य गरिनेछ ।

१०७. कृषकले उत्पादन गरेका कृषि उपजहरूको भण्डारणका लागि संघ र प्रदेश सरकार तथा निजी क्षेत्रसँगको सहकार्यमा आधुनिक शीत भण्डार (Cold Store) र गोदाम घर (Ware House) निर्माण गरिनेछ ।

१०८. कृषि र पशु सेवा केन्द्रलाई व्यवस्थित गर्न विषेश नीतिको अबलम्बन गरिनेछ र आवश्यक्ताको आधारमा जनशक्ति थप गर्दै लगिनेछ ।

१०९. व्यवसायिक पशुपालनको लागि नश्ल सुधार, गोठ सुधार तथा व्यवसायिक कृषि, पशु उत्पादनको लागि अनुदाको व्यवस्थापन गरिनेछ ।

११०. सामुहिक खेतीलाई प्रोत्साहन गर्न आवश्यक वित्तिय व्यवस्थापन गरिनेछ । साथै उत्पादनको आधारमा कृषक अनुदानको व्यवस्था गरिनेछ ।

१११. फत्तेपुर, ईनर्वाशिरा, डुमरवाना, जैतापुर तथा लोसण्डा बजार लाई ग्रामिण कृषि बजारको रुपमा विस्तार गर्ने नीति लिइनेछ ।

११२. मागमा आधारित कृषि तथा पशु कार्यक्रम मार्फत कृषकका आवश्यक्तामा आधारित भएर कृषि विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

## युवा तथा खेलकुद सम्बन्धी नीतिः

११३. उपमहानगरपालिकाभित्रका विद्यालयहरुमा ग्रासरुट खेलकुद तथा विद्यालय लिग प्रतियोगिता संचालन लाई निरन्तरता गरिनेछ।

११४. जीतपुरसिमरा गोल्डकपलाई निरन्तरता दिइनेछ । फुटवल अलावा अन्य खेलहरुको प्रवर्द्धनमा विषेश ध्यान दिइनेछ ।

११५. युवामा स्वयंसेवा, सकारात्मक सोच, उद्यम प्रवर्धन तथा कुलत दुर्व्यसन नियन्त्रण सम्बन्धी युवा परामर्श तथा क्षमता विकासका कार्यक्रममार्फत् युवा सशक्तीकरण गरिनेछ । साथै विशेषज्ञ निकायहरूसँगको समन्वयमा युवाहरूलाई विपद् व्यवस्थापन तथा स्वयंसेवा सम्बन्धी तालिम दिई परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११६. श्रमको सम्मान गर्ने संस्कृति विकास गर्न कार्यविधि निर्माण गरी कृषि, पशुपालन तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्यमी तथा स्वरोजगार युवालाई सम्मान र प्रोत्साहन गरिनेछ ।

११७. खेलकुदको माध्यमबाट युवाहरुको व्यक्तित्व बिकास गर्न उपमहानगरपालिका क्षेत्रमा खुल्ला ब्यायामशाला, योग लगायतका कार्यक्रम संचालन गर्न आवश्यक खेलमैदान तथा भौतिक पूर्वाधार बिकास र विस्तार गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

११८. सामाजिक विकासमा युवा सहभागितालाई प्रोत्साहन गर्न कार्यविधि निर्माण गरी नगर युवा समिति गठन गरिनेछ। साथै सामाजिक विकासमा सक्रिय युवा र गैर सरकारी संस्थाहरूको नगरस्तरीय सञ्जाल निर्माण गरी सहकार्य गरिनेछ ।

११९. उमहानगर दिवसको उपलक्ष्यमा आयोजना गरिने गरिएको जनप्रतिनिधि तथा कर्मचारीबिचको मैत्रीपूर्ण फुटबल प्रतियोगितालाई निरन्तरता दिइनेछ । साथै अन्य खेलकुद समेत आयोजना गरिनेछ ।

१२०. विभिन्न प्रकारका खेलकुद तथा अन्य क्रियाकलापहरुलाई विद्यालय लक्षित गरी आयोजना गरिनेछ । साथै प्रतिफल नदिने तथा खेलका जनशक्ति उत्पादन नगर्ने प्रकृतिका खेलकुदलाई दिने अनुदानमा कटौती गर्दै लगिनेछ ।

१२१. नगर युवा समिति र वडा युवा क्लबमा आबद्ध युवाको नेतृत्व विकासमा जोड दिइनुका साथै युवा प्रतिभा प्रदर्शनका अवसर प्रदान गरिनेछ ।

१२२. लोकप्रिय खेलहरुको व्यवसायिक प्रशिक्षक उत्पादन गर्न आवश्यक्ता अनुसार प्रशिक्षक प्रशिक्षण तालिम संचालन कार्यलाई निरन्तरता गरिनेछ ।

१२३. क्लव तथा संस्थालाई खेलको नाममा दिने प्रतिफल बिमुख अनुदान रकम लाई क्रमश निरुत्सान गर्दै लगिनेछ ।

१२४. उपमहानगरपालिका क्षेत्रमा रहेका बैंक तथा वित्तीय संस्थाहरुलाई व्यवसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अवधारणा अन्तर्गत खेलकुदका पूर्वाधारहरु निर्माण,सामाग्री वितरण साथै खेलकुद तथा अन्य कार्यक्रमहरु समेत संचालन, गर्न बिशेष जोड दिइनेछ ।

१२५. विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न राष्ट्रपति रनिङ सिल्डका अतिरिक्त क्रिकेट, फुटबल, भलिबल, तेक्वान्दो, कुस्ती लगायतका अन्य Indoor र Outdoor खेलको विद्यालय स्तरीय लिग सञ्चालनलाई निरन्तरता तथा परिष्कृत गर्दै लगिनेछ । अपाङ्गता भएका विद्यार्थीहरूको लागि अवस्था अनुसार विशेष खेल प्रतियोगिता आयोजना गरिनेछ ।

१२६. अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेशस्तरीय खेलमा पदक जित्ने उपमहानगरका खेलाडीहरूलाई पुरस्कृत गरिनेछ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र विद्यालयस्तरीय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी तथा बिद्यालयलाई पुरस्कृत गर्ने कार्यक्रम गरिनेछ ।

१२७. खेलकुद क्षेत्रको विकासका लागि नगर खेलकुद विकास समिति र वडा खेलकुद समितिलाई जिम्मेवार बनाई विभिन्न स्थानीय तथा राष्ट्रिय स्तरका प्रतियोगिताहरू सञ्चालन गरिनेछ ।

## उद्योग, श्रम तथा रोजगार सम्बन्धी नीतिः

१२८. नवीन सोच तथा युवा उद्यमशीलतालाई प्रोत्साहन गरी स्टार्टअप व्यवसाय प्रवर्द्धनका लागि Idea Mart संचालन र सीप विकास सम्बन्धी तालिम कायक्रममा आवश्यक सहयोग गरिनेछ ।

१२९. उद्योग तथा कलकारखाना तथा विशेष आर्थिक क्षेत्रमा आवश्यक पर्ने जनशक्तिको सर्वेक्षण गरी उनीहरुको समन्वयमा नगरभित्रका कामदारलाई तालिम दिई दक्ष जनशक्ति निर्माण गरी रोजगारी दिने व्यवस्था मिलाईनेछ ।

१३०. उपमहानगरपालिका भित्र सञ्चालित महिला उद्यमीहरूलाई प्रोत्साहन गर्न तालिम, सिप विकास, प्रविधि हस्तान्तरण र उद्यमशीलता विकासका लागि आवश्यक सहयोग प्रदान गरिनेछ ।

१३१. साना तथा घरेलु उद्योगसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्नका लागि उद्योग सञ्चालन सम्बन्धी कार्यविधि निर्माण गरी सहयोग र सहजीकरण गरिनेछ ।

१३२. युवा वर्ग तथा सीप नभएका जनशक्तीलाई रोजगारसंग जोड्न सिप मेला आयोजना गरी विभिन्न क्षेत्रका दक्ष जनशक्ति निर्माण गरिनेछ ।

१३३. नेपाल सरकारको विद्यार्थीलाई २० घण्टा काम दिने नीति अनुरुप स्थानीय विद्यार्थीहरुलाई उद्योगहरुमा आवश्यक पर्ने सीप प्रदान गरी OJT मार्फत Volunteering Worker हुँदै स्थायी प्रकृतिको कामदार बनाउन समेत पहल गरिनेछ ।

१३४. उपमहानगरबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई दिईने श्रम स्वीकृति सेवालाई थप प्रभावकारी बनाउनुको साथै मर्यादित बनाउँदै लगिनेछ ।

१३५. विपन्नताको बाहुल्यता भएका बस्तीस्तरमा दिगो जीविकोपार्जनका कार्यक्रमहरूलाई प्रोत्साहन गर्दै अति विपन्न सदस्यका लागि व्यवसाय शुरु गर्नका लागि सीप विकास तथा वस्तुगत टेवा स्वरुप पुँजीगत अनुदान उपलव्ध गराइने व्यवस्था मिलाइने छ। गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

१३६. उपमहानगरपालिकाभित्र श्रम डेस्क निर्माण गरी श्रमिकहरुको पंजीकरण तथा अभिलेखाङ्कन गर्ने कार्यलाई अगाढी बढाईनेछ ।

१३७. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने गरी सृजनात्मक तथा अनुसन्धानमा आधारित साना र लघु तथा घरेलु उद्योगहरूको स्थापनाका लागि प्रोत्साहन स्वरुप बीउ पूँजी तथा उत्पादन पश्चात् बिक्री बिल बिजकका आधारमा अनुदानको व्यवस्था मिलाइनेछ । यस्ता उद्योगहरूको स्थापना, सञ्चालन र विकासका लागि उपमहानगरपालिका भित्र रहेका उद्योगीहरूको छाता संस्थासँग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

१३८. ठुला करदाता र ५० जना भन्दा बढी रोजगारी सृजना गर्ने नविन उद्योगीलाई तथा उद्योगले गरेको रोजगारी सिर्जना र राजश्वमा गरेको योगदान, औद्योगिक उत्पादनको मौलिकता तथा स्थानीय कच्चा पदार्थको उपयोग आदिका आधारमा उपमहानगरले सम्मान गर्ने कार्यक्रमको सुरुवात गर्नेछ ।

१३९. अनौपचारिक क्षेत्रका सम्पूर्ण श्रमिकहरुलाई क्रमशः सामाजिक सुरक्षा कोषमा आवद्ध गराउँदै लगिनेछ।

१४०. हरेक वडाहरुमा लघु उद्यम विकास कार्यक्रम मार्फत घरेलु तथा लघु उद्यमी सृजना गरी रोजगारीको व्यवस्था मिलाईनेछ ।

१४१. रोजगार सेवा केन्द्र मार्फत विभिन्न सार्वजनिक, निजी तथा गैरसरकारी क्षेत्रका रोजगारदाताहरूसँग सूचना संकलन, आदानप्रदान, प्रशोधन तथा उपयोगमा साझेदारी गर्दै रोजगारी खोज्ने व्यक्ति र रोजगारदाताहरूबीच सम्पर्क स्थापित गराई श्रम बजारका अवसर उपयोग गर्ने वातावरण सिर्जना गरिनेछ।

१४२. वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरूलाई पूर्व प्रस्थान लगायतका अन्य वैदेशिक रोजगारसँग सम्बन्धित विषयको जानकारीमूलक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४३. सुरक्षित वैदेशिक रोजगारीका लागि नियमित सूचना तथा परामर्श सेवा जिल्ला प्रशासन कार्यालयको समन्वयमा आप्रवासी श्रोत केन्द्रमार्फत संचालन गरिने छ ।

१४४. वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारहरूलाई वैदेशिक रोजगारका कारण उत्पन्न मनोसामाजिक समस्यालाई सम्बोधन गर्न मनोसामाजिक परामर्श सेवालाई थप विस्तार गरी निरन्तरता दिइनेछ । सम्बन्धित संघीय निकायहरूको समन्वयमा वैदेशिक रोजगारीमा रही विदेशमा अलपत्र परेका कामदारहरूको उद्धारमा पहल र सहयोग गरिनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति :

१४५. महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण, मानसिक स्वास्थ्य, वित्तीय तथा कानुनी सारक्षता र सशक्तिकरणका कार्यक्रमहरु विद्यालय स्तर तथा वडा तहबाट संचालन गरिनेछ ।

१४६. लक्षित वर्गका महिलाहरुको सशक्तिकरण एवम् मुलप्रवाहीकरणका लागि महिला विकास कार्यक्रम मार्फत लैंगिक समानता, नेतृत्व विकास, सामाजिक न्याय, प्रजनन स्वास्थ्य, जीवन उपयोगी शिक्षाजस्ता क्षमता अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४७. बालमैत्री, अपांगता मैत्री, ज्येष्ठनागरिकमैत्री पूर्वाधार निर्माणमा जोड दिईनेछ। साथै, अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र अधिकारलाई सुनिश्चित गर्दै अपाङ्गताको गाम्भीर्यताको आधारमा पूर्ण असक्त असहाय व्यक्तिको लागि घरमै गएर अपाङ्गता परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

१४८. विपदमा परेका बालबालिकाको संरक्षण र शिक्षाको व्यवस्था गर्ने र आर्थिक अवस्था कमजोर भएका बालबालिकाका अभिभावकको व्यवसायिक क्षमता विकास गरी आर्थिक मूलप्रवाहिकरण गरिनेछ ।

१४९. विशेष संरक्षणको आवश्यकता भएका असहाय, एकल महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, सहयोगापेक्षी बेवारिसे तथा सडक मानवहरूका लागि उद्धार, उपचार तथा विशेष संरक्षण सेवा प्रवाह गर्ने व्यवस्थाका लागि संघ तथा प्रदेश सरकार र मानव सेवा आश्रमसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

१५०. उपमहानगरपालिकाले प्रदान गर्दै आएको "ग" र "घ" वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता कार्यक्रम निरन्तरता दिईनेछ ।

१५१. नेपाल सरकार, प्रदेश सरकार तथा यस कार्यालयले घोषणा गरेका तथा मनाउने भनेका सम्पूर्ण दिवस, जात्रा तथा आह्वानहरु उपमहानगरले स्वस्फूर्त रुपमा सम्बन्धित शाखा मार्फत मनाउनेछ ।

१५२. बालमैत्री उपमहानगर घोषणा गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

१५३. पारिवारिक संरक्षणबाट वञ्चित बालबालिकाहरुको संरक्षण गर्ने क्षेत्रमा कार्यरत संघ-संस्थालाई प्रोत्साहन गरिनेछ । साथै, बालश्रम मुक्त नगर निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

१५४. ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभव पुस्तान्तरण र हस्तान्तरण गर्न वडाको समन्वयमा ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिनेछ । वडामा रहेका ज्येष्ठ नागरिक मिलन केन्द्रहरुसँग सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ । ज्येष्ठ नागरिकहरुलाई मानसिक एवम् शारीरिक रुपमा सक्रिय बनाउन बिभिन्न कार्यक्रम संचालन गरिनेछ ।

१५५. उपमहानगर क्षेत्र भित्र रहेका अपाङ्गताका क्षेत्रमा क्रियाशील सामाजिक संघसंस्थाहरूको अगुवाईमा अपाङ्गता भएका व्यक्ति एवम् परिवारको शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसर प्रदान गर्ने गरी कार्यक्रम सञ्चालनमा जोड दिदै अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।

१५६. नगरबासीहरुलाई सीपमूलक तालिम दिई आय आर्जन सम्बन्धी क्रियाकलापमा सहभागी गराइनेछ । महिलाले संचालन गर्ने ब्यवसायका लागि बीउपूँजी र ब्यबस्थापन तालिम प्रदान गर्ने ब्यवस्था मिलाइनेछ।

१५७. नगरभित्र आवश्यक्ता अनुसार हरेक वडाका सार्वजनिक स्थानहरुमा सार्वजनिक व्यायामशाला, सार्वजनिक शौचालय, योगपार्क, ध्यानकेन्द्र, ज्येष्ठ नागरिक मैत्री पार्क तथा वाल उद्यानहरु निर्माण गरीनेछ ।

## योजना तथा बजेट सम्बन्धी नीति

१५८. उपमहानगरको योजना प्रणालीलाई जनसहभागितामूलक, पारदर्शी बनाउँदै तथ्य र तथ्याङ्कमा आधारित योजना छनौट प्रणालीको विकास गरिनेछ ।

१५९. आवधिक योजना, मध्यमकालिन खर्च संरचना तथा परियोजना बैंक यसै वर्षमा निर्माण गरी कार्यान्वयमा ल्याईनेछ ।

१६०. मागमा आधारित कार्यक्रममा भन्दा योजनामा आधारित कार्यक्रमलाई प्राथमिकता दिदैं लगिनेछ ।

१६१. योजना छनौट तथा बजेट निर्माणमा नागरिक सहभागिता अभिवृद्धि गर्न बजेट तर्जुमा सम्बन्धी निर्देशिका बनाई कार्यान्वयनमा ल्याईनेछ ।

१६२. उपमहानगरपालिका अन्तर्गत संचालन हुने विभिन्न कार्यक्रम तथा आयोजना, परियोजनाहरूको नियमित अनुगमन र मूल्यांकन गरिनेछ । उपमहानगरपालिकाको अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण सम्बन्धि कार्यविधि तर्जुमा गरी लागू गरिनेछ । आयोजना, परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कनमा नवीनतम प्रविधि, अध्ययन अनुसन्धान गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

१६३. उपमहानगरपालिकाको विकास र समृद्धिका लागि गत आ.व.हरुमा झैं विभिन्न विधाका राष्ट्रिय, अन्तर्राष्ट्रिय र स्थानीय विज्ञहरू तथा समाजसेवी, राजनीतिज्ञहरुसंग छलफल र सुझाव लिएर अघि बढ्ने कार्यलाई अझै प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।

१६४. दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गरी उपमहानगरपालिकाको योजना, बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिनेछ ।

१६५. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधिलाई पूर्ण रुपमा कार्यान्वयन गरी संस्थागत रुपान्तरण गरिनेछ । आगामी वर्ष लिसा (LISA), फ्रा (FRA) तथा अन्य सूचकांकहरुमा अधिकतम अंक हासिल गर्ने गरी कार्यसम्पादन अगाडि बढाइनेछ ।

१६६. संघ र प्रदेश सरकारबाट प्राप्त हुने योजना तथा कार्यक्रमहरु समन्यायिक विकासको सिद्धान्त बमोजिम समन्वय र सहकार्यमा उपमहानगरपालिकाको आवधिक योजना, नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्य र आवश्यक्ताको सिद्धान्तमा प्राथमिकताका आधारमा छनौट गरिनेछ ।

## सहकारी सम्बन्धी नीतिः

१६७. सहकारीमार्फत समुदायको पूंजी, संगठन र क्रियाशिलता व्यवस्थित गर्नुका साथै आत्मनिर्भर अर्थतन्त्र निर्माणमा ध्यान दिइनेछ । बचत तथा ऋण सहकारीहरुको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाएर जोखिम न्युनीकरणमा ध्यान दिइनेछ ।

१६८. सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

१६९. एकै प्रकृतिको सहकारी संस्थाहरुमा दोहोरो सदस्यतालाई हटाउने प्रक्रिया अवलम्बन् गरिनेछ ।

१७०. समस्याग्रष्त सहकारीहरुको पहिचान गर्दै सहकारी क्षेत्रको प्रभावकारी नियमन गर्ने, सहकारी क्षेत्रमा संस्थागत सुशासन कायम गर्न सहकारीहरुको नियमित अनुगमन गर्ने र यस उपमहानगरपालिका भित्र संचालित सहकारी संस्थाहरुको तथ्याङ्कलाई दुरुस्त बनाईनेछ ।

१७१. कृषि, पशु तथा उत्पादनमा आधारित सहकारीहरु मार्फत कृषिको व्यवसायीकरणमा ध्यान दिइनेछ । सहकारीमार्फत शिक्षा, स्वास्थ्य, उद्योग व्यवसाय सञ्चालनका लागि सहकारी तथा समुदायलाई आह्वान गर्दछौं ।

१७२. सहकारीको माध्यमबाट गरिव विपन्न वर्गका सदस्यहरुको संलग्नतामा संचालन हुने उत्पादन र लगानीमा आम नागरिकको पहुँच स्थापित गर्न, रोजगारी सृजना गर्न सहकारी संस्था र उपमहानगरपालिका विच साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

१७३. सहकारी संस्थाको दर्ता, नविकरण तथा मासिक प्रतिवेदन जस्ता कार्यलाई पूर्ण रुपमा विद्युतिय प्रणालीमा आबद्ध गरिनेछ ।

१७४. सहकारी संस्थाहरूको एकीकरण र डिजिटल कारोबारलाई प्रोत्साहन गर्दै सहकारी तथा गरिबी निवारणसम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सहकारी संस्थाहरूको आबद्धतालाई अनिवार्य गरिनेछ ।

१७५. सहकारी शिक्षा, तालिम र अनुगमन मार्फत सहकारी संस्थाहरूमा संस्थागत स्व-अनुशासनको नियमन र सुशासन प्रवर्द्धनलाई प्रोत्साहन गरी संस्थाहरूमा असल अभ्यासको क्षमता अभिवृद्धि गरिनेछ ।

१७६. विषयगत सहकारीहरुलाई कानून बमोजिमको विषयगत कार्य गर्न अनिवार्यता गरिनेछ ।

## कला, संस्कृति तथा पर्यटन प्रवर्द्धन सम्बन्धी नीतिः

१७७. उपमहानगरपालिका क्षेत्रमा रहेका ऐतहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पाटी, पौवा, चैत्य, स्तुप, गुम्बा, मस्जिद, मदरसा आदिको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाइनेछ । साथै, उपमहानगरको इतिहास, कला, साहित्य, भाषा, संस्कृति, मौलिक परम्परा जस्ता क्षेत्रमा खोज तथा अन्वेषण गर्ने कार्यमा प्रत्यक्ष योगदान पुर्याउने संघसंस्था, संचारकर्मी, प्रबुद्ध वर्गलाई नगरपालिकाले उचित सम्मान गर्ने नीति अबलम्बन गर्नेछ ।

१७८. पर्यटन क्षेत्रको विकास र विस्तारको लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन गुरुयोजना तर्जुमा गरी वार्षिक कार्यक्रममा समावेश एवम् कार्यान्वयन गरिनेछ ।

१७९. थारु तथा दनुवार जातीको संस्कृति झल्कने गरि होम स्टे र थारु संग्रालय संचालनको लागि अनुमति तथा अनुदान समेत दिने व्यवस्था गरिनेछ ।

१८०. उपमहानगरपालिका क्षेत्रका मूर्त, अमूर्त सम्पदाको अध्ययन, अनुसन्धान गरिनेछ ।

१८१. उपमहानगरपालिकाभित्रका विभिन्न प्रकारका मौलिक जात्रा, झाँकी, मेला, नाँच, तथा संस्कृति जगेर्नाको लागि उचित व्यवस्थापन गरिनेछ ।

१८२. पर्सा राष्ट्रिय निकुञ्ज तथा अमलेखगञ्ज क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउन साझेदारीमा कार्यक्रम संचालन गर्न आवश्यक प्रक्रिया अगाढी बढाईनेछ ।

१८३. उपमहानगरपालिका भित्र अध्ययन अनुसन्धानमा सहज हुने गरी आधुनिक सुविधा सम्पन्न पुस्तकालय स्थापना गरी क्रमशः स्तरोन्नति गर्दै लगिने छ ।

१८४. ऐतिहासिक महत्वका कर्मकुमारी धारा लगायतका स्थानहरुलाई ऐतिहासिक परिचय खुल्ने गरी पर्यटकिय गन्तव्य तथा संग्रालय बनाईनेछ ।

१८५. आदिवासी जनजाति, पिछडा वर्ग आदिको भाषा, लिपि, बाजागाजा, रीतिरिवाज परम्परा संस्कृति आदिको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । विभिन्न जाति जनजातिको पहिचान झल्किने साँस्कृतिक महोत्सव आयोजना गरिनेछ ।

१८६. अमलेखगञ्ज, चकरी क्षेत्रलाई नमुना पर्यटन गाँउको रुपमा विकास गरिनेछ ।

१८७. ऐतिहासिक तथा पर्यटकीय महत्वका क्षेत्रहरुमा Hiking Trial, Cycling Route लाई थप व्यवस्थित बनाउन निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

१८८. विद्यालय तहबाटै साहित्य तथा कलाको विकासका लागि प्रतिभा प्रस्फुटन, पहिचान र प्रोत्साहनका लागि कार्यक्रम तथा अवसरहरू प्रदान गरिनेछ ।

१८९. हाम्रा राष्ट्रिय तथा स्थानीय कला र संस्कृतिको संवर्धन एवम् पर्यटन प्रवर्धनका लागि उपमहानगर कला गृह (आर्ट ग्यालरी) स्थापनाको सम्भाव्यता अध्ययन गरिनेछ ।

१९०. राष्ट्रिय विभूति तथा प्रतिभाहरूको जन्म जयन्ती तथा महत्वपूर्ण दिवसहरूमा विविध साहित्यिक/साँस्कृतिक/सांगीतिक तथा विद्यालय तहमा साहित्य/संगीतबारे प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

## सुशासन प्रवर्द्धन र सार्वजनिक प्रशासन सम्बन्धी नीति

१९१. उपमहानगरपालिकामा सदाचारिता प्रवर्द्धन र गुणस्तरीय सेवा मार्फत् सुशासनको प्रत्याभूति गर्नका लागि नैतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ । कर्मचारी प्रशासनमा सदाचारयुक्त संस्कृतिको विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१९२. उपमहानगरपालिकाबाट प्रवाह गरिने सेवाहरूको उत्पादन र वितरणमा जनताको संलग्नता प्रवर्द्धन गरी सेवा प्रवाहमा जनताको समान र सहज पहुँच सुनिश्चित गर्दै सेवाग्राही सन्तुष्टिमा अभिवृद्धि गरिनेछ ।

१९३. जनप्रतिनिधि र कर्मचारीहरुको कामको सिलसिलामा कुनै दुर्घटना भई अङ्गभङ्ग र मृत्युभएमा रु.२५ लाखसम्मको विमा गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१९४. कार्यालयमा करार सेवाका अस्थायी प्रकृतिका कार्य गर्ने जनशक्तिहरूको कार्य सम्पादन मूल्याङ्कनको कार्यविधि बनाई कमजोर कार्यसम्पादन भएका जनशक्तिको करार अन्त्य गरी आर्थिक बर्षको सुरूमा सेवा करारमार्फत सेवा लिने पद्धतिको विकास गर्दै कर्मचारी व्यवस्थापनमा नयाँ रक्त सञ्चारलाई समेत स्थान दिइनेछ ।

१९५. उपमहानगरपालिकाको सार्वजनिक स्रोत-साधनमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गर्न कार्यविधिहरूको निर्माण गर्नुका साथै आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ।

१९६. उपमहानगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन भत्ता दिन कार्यविधी निर्माण गरी उचित व्यवस्था मिलाईने छ ।

१९७. उपमहानगरपालिका र मातहतका निकायहरूमा नागरिक बडापत्रहरूलाई समयानुकूल अद्यावधिक गरी सबैले देखिने गरी राखिनेछ र नागरिक बडापत्रको बारेमा जनतालाई सुसूचित गरिनेछ ।

१९८. जनप्रतिनिधि र कर्मचारीबीच व्यावसायिक सम्बन्धको विकास गरी समृद्ध र सुसंस्कृत नगर निर्माण गर्न असल कार्य वातावरणको निर्माण गरिनेछ । जनप्रतिनिधि र कर्मचारीहरूको लागि आवश्यकता र औचित्यको आधारमा क्षमता विकास तथा पुनर्ताजगी तालिम, अध्ययन, अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

१९९. कर्मचारीमा रहेको ज्ञान, सिप, योग्यता र दक्षताको व्यवस्थापन गर्दै कर्मचारीहरूसँग कार्यसम्पादन करार गरी नतिजाका आधारमा उत्प्रेरणाका उपायहरू अवलम्बन गरिनेछ ।

२००. उपमहानगरपालिकाको कार्यालय, सम्पूर्ण वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा विद्यालयहरुमा केन्द्रिकृत इ-हाजिरी प्रणालीलाई अनिवार्यता गरिनेछ ।

२०१. नगर प्रहरी, बारुणयन्त्र इकाइमा कार्यरत कर्मचारी, बिजुली मिस्त्री लगायतका जोखिमयुक्त कार्य गर्ने कर्मचारीको दुर्घटना बिमा एवम्  जोखिम भत्ता उपलब्ध गराईनेछ । साथै सरसफाईमा कार्य गर्ने कर्मचारीका लागि स्वास्थ्य बीमा गरिनेछ ।

२०२. आर्थिक प्रशासनबाट प्रवाह हुने सेवालाई गुनासो रहित बनाउन उपभोक्ता समिति र निर्माण व्यवसायीहरूलाई भुक्तानी तथा फरफारक सम्बन्धी र आर्थिक प्रशासनमा कार्यरत कर्मचारीहरूलाई सार्वजनिक खरिद, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, करकट्टी लगायत समय अनुकुल तालिम सञ्चालन गरी क्षमता विकास गरिनेछ ।

२०३. उपमहानगरपालिकामा जारी राष्ट्रिय परिचयपत्र विवरण दर्ता कार्यलाई व्यवस्थित गर्दै लगिनेछ ।

२०४. उपमहानगरपालिकाको निर्णय प्रभावकारी कार्यान्वयन गर्न, मापदण्डहरूको कडाइसाथ लागु गर्न, बजार व्यवस्थित गर्न, पार्किङ व्यवस्थापन लगायतका कार्य गर्न नगर प्रहरी परिचालन गरिनेछ । नगर प्रहरीको लागि ब्यारेक निर्माण, नगर प्रहरी सञ्चालन सम्बन्धी नियमावली तर्जुमा गरी स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको आधारमा आवश्यक नगर प्रहरी पदपूर्ति गरिनेछ ।

२०५. सन्निकटताको सिद्धान्त बमोजिम उपमहानगरपालिकाको सेवा प्रवाहलाई अझ प्रभावकारी र व्यवस्थित बनाउन वडा कार्यालयहरूमा क्रमशः अधिकार प्रत्यायोजन गर्दै लगिनेछ साथै स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार उपमहानगरपालिकको वडाहरुको पुनःसंरचनाको सम्भाव्यवता अध्ययन तथा छलफल गरिनेछ ।

२०६. स्थानीय तहमा कार्यरत कर्मचारीहरूको आर्थिक सुरक्षाका लागि कर्मचारीको पनि योगदान रहने गरी कर्मचारी कल्याण कोषको व्यवस्था लागू गरिनेछ ।

## आन्तरिक व्यवस्थापन तथा खरिद सम्बन्धी नीति

२०७. उपमहानगरपालिकाको जिन्सी व्यवस्थापनलाई प्रविधिमैत्री एवं व्यवस्थित बनाउन सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) लाई वडा कार्यालयहरूमा समेत विस्तार गरिनेछ। जिन्सी प्रणाली सुधारमा भएका कार्यहरूलाई निरन्तरता दिइनेछ ।

२०८. वार्षिक खरिद योजना तयार गरी लागु गरिनेछ । खरिद सम्बन्धी क्षमता विकासका कार्यक्रम तथा तालिमहरूको व्यवस्था गरिनेछ ।

२०९. खरिद एकाइको दक्षता र क्षमताको विकास गरी खरिद कार्यलाई छिटो छरितो र प्रभावकारी बनाइनेछ।

## अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीति :

२१०. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विभिन्न सहर तथा स्थानीय तहसंग भगिनि सम्बन्ध बनाई नविनतम् प्रविधि तथा सीप भित्र्याउने, स्थानीय स्रोत साधनको बजारीकरण मार्फत हाम्रो उपमहानगरलाई विश्वसामु अझै परिस्कृत गर्दै लगिनेछ ।

२११. भगिनी सम्बन्ध भएका नगरहरुबिच आपसी सम्बन्ध सुमधुर बनाउन, असल अभ्यास तथा सफल अनुभव आदान प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२१२. स्वदेशी तथा बिदेशी सहरहरुसँग भगिनी सम्बन्ध बिस्तार गर्ने नीति विस्तार गरिनेछ ।

## सूचना तथा संचार प्रविधि सम्बन्धी नीति

२१३. नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गरी विद्युतिय सुशासन प्रवर्द्धन गरिनेछ ।

२१४. स्थानीय प्रशासनको समन्वयमा नगर भरी मुख्य मुख्य स्थानहरुमा सि.सि. टिभि जडान गरी अपराध नियन्त्रणका साथै सार्वजनिक सुरक्षालाई चुस्त दुरुस्त बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

२१५. स्थानीय संचार माध्यमको प्रवर्द्धन र प्रतिस्पर्धी बनाउन लोक कल्याणकारी तथा सन्देशमुलक सुचना/बिज्ञापन दिने नीतिलाई निरन्तरता दिईनेछ ।

२१६. उपमहानगरको गतिविधि तथा भावी योजनालाई जनतासम्म पुर्याउन त्रैमासिक रुपमा मेयर गुनासो कार्यक्रम संचालन गरिनेछ ।

२१७. उपमहानगरपालिकालाई IT Hub बनाउनको लागि संघ, प्रदेश, संघ संस्थाहरु, विषेश आर्थिक क्षेत्र तथा उद्योगहरुको समन्वयमा सूचना प्रविधियुक्त Innovation Centre निर्माण कार्यको व्यवस्था मिलाईनेछ।

## कानून तथा न्यायिक समिति सम्बन्धी नीतिः

२१८. उपमहानगरपालिकाको न्यायिक समितिलाई दक्ष जनशक्तिको व्यवस्था गरी छिटो छरितो न्याय सम्पादन गर्ने र मेलमिलापबाट विवाद समाधान गर्दै स्थानीय जनतालाई न्यायमा सहज पहुँच पुर्याउने नीति अवलम्बन गरिनेछ ।

२१९. सबै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्रहरु स्थापना गरी स्थानीय विवादहरु दर्ता गर्ने, बिपक्षी झिकाउने, प्राविधिकद्वारा स्थलगत निरिक्षण गरी प्रतिवेदन पेश गर्ने, मेलमिलाप प्रकिया सम्पादन गर्ने आदि कार्य वडा तहबाट गरी मेलमिलापबाट विवाद निरुपण गर्न अधिकतम प्रयास गराईनेछ ।

२२०. नेपाल सरकार तथा उपमहानगरपालिकाको स्थानीय कानूनको जानकारी नागरिकहरुलाई गराउन विभिन्न सचेतनामूलक कार्यहरु संचालन गरिनेछ ।

२२१. संविधान, कानुन, उपमहानगरपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, कानून, कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण गरी जारी गरिनेछ ।

२२२. उपमहानगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानूनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ ।

## भूमि व्यवस्थापन सम्बन्धी नीतिः

२२३. नगर भित्रका अव्यवस्थित सुकुम्वासी तथा भूमिहिन दलितहरुलाई राष्ट्रिय भूमी आयोग संग समन्वय गरि जग्गा उपलब्ध गराउन जग्गा नापजाँच तथा लालपूर्जा वितरणको कार्य यसै वर्ष सुरुवात गरिनेछ ।

२२४. उपमहानगरपालिकाको सम्पूर्ण क्षेत्रमा GPS Control Point स्थापनाको कार्य क्रमश गरिनेछ ।

२२५. उपमहानगरपालिकामा शहरीकरणको नाममा भएको अव्यवस्थित प्लटिङ्ग तथा प्लानिङ्गलाई कार्यविधि निर्माण गरी स्वच्छ र व्यवस्थित शहरीकरण तर्फ अगाडी बढिनेछ ।

२२६. उपमहानगरपालिका क्षेत्रमा भएका सार्वजनिक जग्गा, पैनी-कुलो तथा ऐलानी जग्गा पहिचान गरी संरक्षण गरिनेछ ।

२२७. सार्वजनिक, ऐलानी र पर्ती जमिनको व्यवस्थापन गर्ने, जग्गाको संरक्षण गर्ने र उक्त जग्गा उपमहानगरपालिकको नाममा ल्याउन पहल गरिनेछ । साथै उक्त प्रकृतिका जग्गाहरु सार्वजनिक हितका निम्ति अधिकतम सदुपयोग हुने गरी प्रयोगमा ल्याईनेछ ।

२२८. सार्वजनिक जग्गा ओगटेर निर्माण गरिएका अनाधिकृत संरचनाहरु हटाउने कार्यलाई निन्तरता दिईनेछ।

**नगर सभा सदस्यज्यूहरु,**

अन्त्यमा, जीतपुरसिमरा उपमहानगरपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट नगरलाई समृद्ध, सुरक्षित र जीवन्त साँस्कृतिक सहर बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण नगरवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै उपमहानगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, दातृ समुदाय, उपमहानगरपालिकावासी, कर्मचारीहरु, मतदाताहरु र सम्पूर्णमा हार्दिक अपिल गर्दछु ।

**धन्यवाद !**

राजन पौडेल
प्रमुख

मितिः२०८२ असार २५ गते बुधवार ।
ने.सं.११४५ दिल्लाथ्व चतुर्दशी ।